# इन्द्रेणी मसरुम फार्म लिमिटेड

चन्द्रागिरी १२,बलम्बु काठमाण्डौं

फोन : ४३११४२८

## शिलबन्दी बोलपत्र आह्वानको सूचना

**(प्रकाशित मिति २०८१/०२/०९)**

कृषि विकास विकास निर्देशनालय, हेटौंडाको ५० प्रतिशत अनुदान सहयोगमा यस संस्थाद्वारा चालु आ.व.२०८०/०८१ मा तपसील बमोजिमका कार्य बोलपत्र आह्वान गरी गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित मितिले १५ दिन भित्र तपसीलमा उल्लेखित शर्तहरुको अधिनमा रही इच्छुक इजाजत प्राप्त कम्पनी/व्यवसायीबाट शिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ ।

**शर्तहरु :**

१. बोलपत्र फारम निर्धारित समयभित्र कार्यालय समयभित्र बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले रु. १०।- को टिकट टाँस गरिएको निवेदन तथा तल उल्लेख भए बमोजिमको रकम (पछि फिर्ता नहुने) बुझाई यस संस्थाबाट वा कृषि विकास निर्देशनालय, हेटौंडाबाट खरीद गर्न सक्नेछ । निवेदनको साथमा चालु आ.व. को लागि नविकरण भएको इजाजत पत्र, आयकर एवं मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७९/८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

२. सिलबन्दी बोलपत्र फारमको लागि रु. १०००।- (अक्षरेपी रु. एक हजार मात्र) नगदै (फिर्ता नहुने गरी) यो सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म कार्यालय समयभित्र बुझाई प्राप्त गर्न सकिने छ ।

३. बोलपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र कृषि विकास निर्देशनालय, हेटौंडामा दाखिला गरिसक्नु पर्नेछ । प्राप्त वोलपत्र २०८१ जेष्ठ २७ गतेको दिन दिनको २:०० बजे खोलिने छ । तोकिएको समयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा बोलपत्रहरु खोलिने छ । प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक बिदा परेमा बिदापछि कार्यालय खुलेको पहिलो दिन माथि उल्लेखित समयमा फारमहरु बुझाउने र खोल्ने कार्य हुनेछ ।

४. बोलपत्र फारमसाथ तल उल्लेख भए बमोजिमको धरौटी रकम श्री Indreni Mushroom Farm Public Limited को नाममा श्री कृषि विकास बैंक लिमिटेड पालुङ्गमा रहेको खाता नं.: ०५०८४०१२१४६३९०२५ मा नगद जम्मा गरिएको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस संस्थाको नाममा जारी गरिएको बोलपत्र बुझाउने अन्तिम दिनबाट १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (विड बण्ड) को सक्कल प्रति अनिवार्य रुपमा पेश गर्नु पर्नेछ

५. बोलपत्र फारममा दररेट अंक र अक्षर दुवैमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. बोलपत्रदाताले बोलपत्र साथ बोलपत्रदाता खरीद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरीद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वयं घोषणाको सक्कल प्रति समेत पेश गर्नु पर्नेछ ।

७. यस सूचनाको सि.नं १, ४ र ६ उल्लेख भए बमोजिमको कागजातहरु संलग्न नभएको, रित नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको, दस्तखत, छाप नभएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

८. बोलपत्र र अन्य कागजातहरुलाई शिलबन्दी खामभित्र राखी खाम बाहिर बोलपत्र दाताको नाम र ठेगानाका साथै ठेक्का नम्बर स्पष्टसँग उल्लेख गर्नु पर्नेछ ।

९.. बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस सस्थाँमा सुरक्षित रहने छ ।

१०. यस सूचनामा उल्लेख गर्न छुट भएका अन्य शर्त/ब्यहोराहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम साथै सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानून अनुसार हुनेछ ।

<u>तपसील</u>

| सि. नं. | बोलपत्र नं. | बोलपत्रको किसिम | कामको विवरण | फारम दस्तुर रु. | बोलपत्र दस्तुर जम्मा गर्ने बैंक, खाता नं. | धरौटी रकम | लागत इष्टिमेट अंक (भ्याट सहित) |
|---|---|---|---|---|---|---|---|
| १ | IMF/goods /002/080-81 | शिलबन्दी दरभाउपत्र | Construction of Cold Storage Unit on Vehicle | १०००।०० | Indreni Mushroom Farm Public Limited<br>खाता नं.:<br>०५०८४०१२१४६३९०२५<br>कृषि बिकास बैंक लि, पालुङ्ग | ४८,०००।०० | १६,००,०००।०० |